# स्थानीय राजपत्र

विनयी त्रिबेणी गाउँपालिका

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ ), नवलपरासी फाल्गुण १६ गते, २०७४ साल (संख्याः १)


## भाग १

विनयी त्रिबेणी गाउपालिका

**गाउकार्यपालिकाको कार्यालय , नवलपरासी**

तलको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम विनयी त्रिबेणी गाउपलिकाको दोस्रो गाउसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ |

संबत २०७४ को ऐन नं. ८

## स्थानिय प्रशासकीय कार्यबिधि (नियमित गर्ने)बनेको ऐन, २०७४

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विनयी त्रिवेणी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम विनयी त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन विनयी त्रिवेणी गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी



आधिकारिकता वि.त्रि.गा.पा बाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

(क) “ऐन” भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले विनयी त्रिवेणी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त विनयी त्रिवेणी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही विनयी त्रिवेणी गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

विनयी त्रिवेणी गाउँकार्यपालिका, नवलपरासी

**भवदीय**
सुरेन्द्र प्रसाद बस्याल
विनयी त्रिबेणी गाउँ कार्यपालिकाको
**प्रमुख प्रशासकीय अधिकृत**

---

विनयी त्रिबेणी गाउकार्यपालिका , नवलपरासी द्वारा प्रकाशित | मूल्य रु ५

विनयी त्रिबेणी गाउकार्यपालिका , नवलपरासी